मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ८ गते बिहीबार ❑ 22 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## पोखरामा प्याराग्लाईडिङ गर्न समय थप सँगै पुरानै ठाउँबाट अवतरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

पोखरामा साहसिक खेलकुद प्याराग्लाईडिङको आकर्षण गर्न डेढ घण्टा समय थप भएको छ भने पुरानै ठाउँबाट अवतरण गर्न सुरू भएको छ।

नेपाल हवाई खेलकुद संस्था (ना) को पहलमा नेपाल नागरिक उड्न प्राधिकरणले उक्त अनुमति दिएसंगै प्याराग्लाईडिङको आकर्षण गर्न डेढ घण्टा समय थप भएको छ भने पुरानै ठाउँबाट अवतरण गर्न सुरू भएको नाका अध्यक्ष अनिल केसीले बताउनुभयो । पोखरा अन्तर ाष्ट्रिय विमानस्थल संचालन भएसंगै पोखराको सराङकोट तथा तोरीपानीबाट उडान भएकोमा स्थान्तरण भई मान्द्रेढुंगा र खपैदीबाट अवतरण हुदै आएकोमा पामे पुगेको प्याराग्लाईडिङको अवतरण अब भने खपैदीबाट गर्न सकिने भएको केसीले जनाउनुभयो।

पोखरा २४ को मान्द्रेढुङ्गा र पोखरा १८ को तोरीपानीबाट प्याराग्लाईडिङ उडान गरी पोखरा १८ को खपौदी, पोखराको २३ पामे र पोखरा १८ को चंखपुरमा ल्याड (अवतरण) गर्न क्यानले अनुमति दिएको हो । त्यसैगरी क्यानले बिहान ११:०० बजेदेखि अब दिउँसो ४:३० बजेसम्म पोखरामा




प्याराग्लाईडिङ गर्न पाउने गरी समय तालिका बढाएको छ । पछिल्लो समयमा डेढ घण्टा समय अवधि बढेको नाका बरिष्ठ उपाध्यक्ष खेमराज आचार्यले बताउनु भयो । पोखरामा प्याराग्लाईडिङ स्थान्तरण हुँदा धेरै व्यवसायी पलायन भएको उहाँले जनाउनु भयो । प्याराग्लाईडिङ्ग उडान अभिमुखिकरण तालिम तथा पर्यटन विकासमा प्याराग्लाईडिङ्गको भूमिका विषयक कार्यक्रममा सम्बोधन गर्दै पोखराका मेयर धनराज आचार्यले पोखरा भ्रमण बर्षको सन्र्दभमा पोखराको प्याराग्लाईडिङ पहिलाकै ठाँउबाट अवतरण गर्ने भएकोले यसले पर्यटकहरुलाई थप आकषृण गर्ने दाबी गर्नुभयो । पोखरामा अब केही समय पश्चात सोलो प्याराग्लाईडिङ समेत संचालन हुने र पोखरामा अन्तराष्ट्रिय स्तरकै प्याराग्लाईडिङ प्रतियोगिता हुने उहाँले बताउनु भयो । पोखरा अन्तराष्ट्रिय विमानस्थलका हवाई ट्राफिक नियन्त्रण प्रमुख योगेन्द्र कुंवरले पोखराको दिगो पर्यटनको लागि क्यानसंगको सहकार्यमा हाल पुरानै स्थानबाट प्याराग्लाईडिङ अवतरण गर्ने अनुमति दिइएको बताउनुभयो । यसमा नाले बिषेश सुरक्षामा ख्याल गर्दै हरेक कम्पनी र पाइलटहरु यसमा गम्भिर भयर पर्यटकहरुलाई पूर्ण सुरक्षाको ग्यारेन्टी गर्दै प्याराग्लाईडिङ गर्न उहाँले आग्रह गर्नुभयो । बुधबार पोखरामा प्याराग्लाईडिङ पाइलटहरुको लागि प्राविधिक ज्ञान सहितको तालिम समेत प्रदान गरिएको नाका महासचिव बलराम आचार्यले बताउनु भयो। तालिममा नाका प्राविधिक उपाध्यक्ष बिजय गौतमले एयरस्पेश सिमानाको बिषयमा जानकारी गराउनु भयो । राष्ट्रिय खेलाडी एवं प्रशिक्षक बिमल अधिकारी सुरक्षाको बिषयमा सहजीकरण गर्नुभयो । प्रमुख प्रशिक्षक योगेश बहादुर भट्टराईले अनुशासन सम्बन्धि सहजीकरण गर्नुभयो। पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले पोखरामा सोलो प्याराग्लाईडिङ खुल्ला गर्न माग गर्दै उक्त अभियानका लागि जस्तो सुकै आन्दोलन गर्न परिषद तयार रहेको बताउनु भयो। पोखरा भ्रमण बर्ष कार्यसम्पादन समितिका संयोजक गोपी बहादुर भट्टराईले चिन र भारत बिचको कनेक्टिङ गर्न माग गर्नुभयो। आउँदो बर्षमा केही बजेट सहित नयाँ कार्यक्रम ल्याउने उहाँले बताउनु भयो । नेपाल पर्यटन वोर्डका पुर्व सदस्य वासुदेव त्रिपाठीले पोखराको सराङकोट विश्वकै ५ उत्कृष्ट गन्तव्य मध्यमा पर्ने दाबी गर्नु भयो । पोखरा पर्यटनको हव भएको उहाँले जनाउनु भयो। पोखरा १८ का वडा अध्यक्ष शिवराज तिमिल्सिना, पोखरा २३ का वडा अध्यक्ष रामकाजी गुरुङले आवश्यक सुरक्षाका साथ पोखराको आकाशमा उडान गर्न सुझाव दिनुभयो। गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, यस क्षेत्रका सांसद, जनप्रतिनिधिहरु र पर्यटन व्यवसायीहरुको सकरात्मक पहल साथै प्याराग्लाईडिङ उडान सुरक्षामा प्रयोग हुने विधि प्रविधि एंब जि.पि.एसको प्रयोगबाट थप सुरक्षित साथै व्यवस्थित हुन गएको नाले जनाएको छ।

## पोखरामा माओबादी केन्द्रको शनिबार जनसभा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

माआबोदी केन्द्रका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) लाई यही जेठ ९ गते कास्कीको नयाँपुलमा स्वागत सहित भेटघाट गरिने भएको छ।

मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान अन्तर्गत कास्कीमा अध्यक्ष प्रचण्ड सहितको टोली प्रबेश गरेसंगै स्वागत सहित भेटघाट कार्यक्रम हुने तयारी गरिएको नेकपा माओवादी केन्द्र कास्कीका ईञ्चार्ज नेत्रनाथ अधिकारीले बताउनु भयो।

अध्यक्ष प्रचण्ड नेतृत्वको उक्त टोली यही जेठ ८ गते बागलुङको ताराखोला आईपुग्ने र जेठ ९ गते विहान बागलुङ बजार तथा दिउँसो पर्वतको कुस्मामा जनसम्वाद हुने नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश ईञ्चार्ज दिननाथ शर्माले बताउनु भयो।

यही जेठ १० गते पोखराको चिप्लेढुंगामा नेकपा माओवादी केन्द्रको बृहत जनसभा हुने भएको छ । उक्त कार्यक्रममा अध्यक्ष प्रचण्ड सहित अन्य नेताहरुले सम्बोधन गर्नुहुने भएको नेकपा माओवादी केन्द्र कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले बताउनुभयो।

जनसभा अगाडि पोखराको पृथ्वीचोक र सिर्जनाचोक गरेर दुई ठाउँबाट ऱ्याली निकालिनेछ तयारी भएको उहाँले जनाउनु भयो । ऱ्याली सभागृहचोक, न्यूरोडहुँदै चिप्लेढुंगामा पुगेर जनसभामा परिणत हुने भएको छ । त्यसअघि सोहि दिन विहान प्रचण्डलाई मर्निङ वाल्क हिंडाउने तयारी भएको छ।

जेठ १० गतेको जनसभालाई बृहद बनाईने संयोजक लामिछानेले दाबी गर्नुभयो । त्यसका लागि वाईसिएल, विद्यार्थी, महिला, मजदुरलगायतका जनबर्गीय र भातृसंगठनहरु लागि परेको संयोजक लामिछानेले जनाउनु भयो । जेठ २ गतेदेखि शुरु भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियानको टोली यहि जेठ ९ गते कास्की प्रवेश गर्ने भएको छ । बैतडीको पाटनबाट शुरु भएको मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान डडेलधुरा, दिपालय, अछाम, दैलेख, कर्णाली प्रदेशको रुकुम पश्चिमको चौरजहारी, मुसिकोट लगायतमा सम्पन्न भइसकेको छ।

## नवनियुक्त गभर्नर पौडेलद्धारा पदभार ग्रहण

**रासस**
काठमाडौं, ७ जेठ

नेपाल राष्ट्र बैङ्कका नवनियुक्त गभर्नर डा विश्वनाथ पौडेलले पदभार ग्रहण गर्नुभएको छ।

बालुवाटारस्थित बैङ्कको कार्यालयमा बुधबार पदभार गर्नुहुँदै उहाँले बैङ्क तथा वित्तीय संस्थाको सुपरीबेक्षणलाई प्राथमिकता दिएर अघि बढ्ने बताउनुभयो । "हामीले केबल नियम बनाएर मात्र हुँदैन सुपरीवेक्षणलाई पनि बढाउनुपर्छ । त्यस्तै कर्जाको गुणस्तर बढाउने कुरालाई पनि जोड दिनेछौँ," उहाँले भन्नुभयो।

त्यस्तै, सरकारको वित्त नीतिलाई सघाउने गरी मौद्रिक नीतिका व्यवस्था अबलम्बन गर्ने पनि गभर्नर डा पौडेलले बताउनुभयो । त्यस्तै राष्ट्र बैङ्कका नीति निर्णय गर्दा विभिन्न सरोकारवालासँग पर्याप्त छलफल गर्ने पनि उहाँले उल्लेख गर्नुभयो । त्यस्तै, राष्ट्र बैङ्कको स्वायत्तता कायम गर्नका लागी राष्ट्र बैङ्क ऐनअनुसार काम गर्ने पनि गभर्नर डा पौडेलको भनाइ छ। गभर्नर डा पौडेलले आजै सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसँग पद तथा गोपनियताको सपथ ग्रहण गर्नुभएको थियो । त्यसलगत्तै उहाँले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग अर्थमन्त्रालयमा भेटवार्ता गर्नुभएको थियो।

## यस वर्ष गण्डकी प्रदेशमा डढेलोबाट हुने क्षति कम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ

'प्रिमनसुन' अवधिमा भइरहेको वर्षाले यस वर्ष गण्डकी प्रदेशमा डढेलोका घटना कम भएका छन् ।

गत वर्ष वैशाख तेस्रो सातासम्ममा यहाँका चार सय ६७ स्थानमा डढेलो लागेकामा यस वर्ष हाससम्म एक सय ९६ स्थानमा डढेलो लागेको प्रदेश वन निर्देशनालयले जनाएको छ । निर्देशनालयका वन अधिकृत तिलकबहादुर थापाका अनुसार यस वर्ष झण्डै २३ सय ८० हेक्टर क्षेत्रफलमा डढेलो लागेको छ। गत वर्ष डढेलोबाट आठ हजार दुई सय ७७ हेक्टर वन क्षेत्र डढेलोबाट प्रभावित भएको थियो। डढेलोको उच्च जोखिम हुने समयमा वर्षा भएपछि डढेलो नियन्त्रण गर्न सहज भएको वन अधिकृत थापाले बताउनुभयो । "सुख्खा याम लम्बिँदा डढेलोका घटना धेरै बढ्ने हुन्छ, यो वर्ष पानी परिरहेकाले त्यो अवस्था आएन, डढेलोबाट हुने क्षति कम भयो, प्रदुषण पनि व्यापक हुन पाएन", उहाँले भन्नुभयो । यो वर्ष सबैभन्दा बढी नवलपुरको ३७ स्थानमा डढेलो लागेको वन अधिकृत थापाले जानकारी दिनुभयो । सबैभन्दा कम मुस्ताङ र मनाङका एक/एक स्थानमा डढेलो लागेको हो । गोरखाका ३४, म्याग्दीका २८, कास्कीका २७, लमजुङका २१, स्याङ्जाका १७, तनहुँ र पर्वतका १२/१२ र बागलुङका छ स्थानमा डढेलो लागेको हो। डढेलोबाट गौशला, घरगोठ, काठ र रूखबिरूवामा क्षति पुगेको वन निर्देशनालयले जनाएको छ । डढेलो लाग्दा वन क्षेत्रमा हुने बोटबिरुवा, वन्यजन्तु, काठ र दाउराको क्षति भने आँकलन नै गर्न नसकिने वन अधिकृत थापाले बताउनुभयो ।"डढेलोले वन क्षेत्रमा बर्सेनि ठूलो नोक्सानी भइरहेको हुन्छ, डढेलो अनियन्त्रित भएर मानव बस्तीतिर सर्दा धनजनकोसमेत क्षति हुने गरेको छ", उहाँले भन्नुभयो। डढेलोले पर्यावरणीय स्वच्छतामा पनि नकारात्मक असर पुर्याउने उहाँको भनाइ छ।

फागुनदेखि जेठसम्ममा डढेलोका घटना बढी हुने गरेको छ । गर्मीयाममा वनमा हुने पातपतिङ्गर र घाँसदाउरा बढी प्रज्वलनशील हुने हुँदा डढेलो लाग्ने गरेको छ। हिउँदे वर्षा नहुनु, हावाहुरीको याम जस्ता कारणले पनि डढेलोले प्रश्रय पाउने गरेको वन अधिकृत थापाले बताउनुभयो । मानवीय कारणले नै डढेलो लाग्ने गरेको उहाँको भनाइ छ। ५८ प्रतिशत जानीजानी, २२ प्रतिशत लापरबाही र २० प्रतिशत डढेलो दुर्घटनावश लाग्ने गरेको विभिन्न अध्ययनले देखाएको उहाँले बताउनुभयो। पछिल्लो समय वन व्यवस्थापनका क्रियाकलाप घट्दा पनि डढेलोको प्रकोप बढ्ने गरेको बताइन्छ ।आगो लगाउँदा घाँस र बुट्यान राम्रोसँग पलाउँछ भनेर व्यक्तिले जानजानी आगो लगाउँदा त्यो अनियन्त्रित भई डढेलोको रुप लिने गरेको छ।

डेढेलोले जैविक विविधतामा ह्रास ल्याउनुका साथै डढेलो लाग्दा हुने कार्बन उत्सर्जनले जलवायु परिवर्तनमा पनि भूमिका खेल्ने गरेको विज्ञहरू बताउँछन्। डढेलोले माटोको प्राङ्गारिक तत्व नष्ट हुने, जनजन्तुको बासस्थान नासिनेलगायतका समस्या निम्तने गरेको छ । डढेलोले भू-क्षय, बाढी जस्ता प्राकृतिक विपतका घटना पनि बढाउने गरेको छ । डढेलोले निजी, सामुदायिक र राष्ट्रिय वन क्षेत्रका बोटबिरुवा तथा बुट्यान सखाप

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## पोखरा विमानस्थल निर्माणबारे छानबिन गर्न अख्तियारलाई पत्राचार

**रासस**
काठमाडौं, ७ जेठ

प्रतिनिधिसभा सार्वजनिक लेखा समितिले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माणका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका आधारमा छानबिन गरी कारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने निर्णय गरेको छ।

समितिको बुधबारको बैठकले अध्ययन प्रतिवेदनमा प्राप्त विषयलाई आवश्यक छानबिन गरी कारबाही अघि बढाउन आयोगलाई लेखी पठाउने निर्णय गरिएको समिति सदस्य राजेन्द्रकुमार केसीले जानकारी दिनुभयो। यसअघि समितिले उक्त विमानस्थल निर्माणमा अनियमिता भएको उजुरीका आधारमा सदस्य राजेन्द्र लिङदेनको संयोजकत्वमा छानबिन अध्ययन उपसमिति गठन गरेको थियो।

उपसमितिले प्रतिवेदनमा औँल्याएका विषयका आधारमा समितिले छानबिन अघि बढाउन आयोगलाई आज निर्देशन दिएको हो । उपसमितिले गत वैशाख १५ गते बुझाएको प्रतिवेदनका आधारमा थप अध्ययन, अनुसन्धान गरी दोषी देखिएमा मुद्दालगायतका कानुनी कारबाही अघि बढाउन र त्यसको जानकारी समितिलाई दिन आयोगलाई पत्राचार गरिएको जनाइएको छ।

# नीति एकेडेमीमा पोखरा १७ को वेब पेज डिजाइन तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



नीति एकेडेमीको आयोजना तथा पोखरा महानगरपालिका वडा नं. १७ को समन्वयमा वेब पेज डिजाइन एन्ड डेभलपमेण्ट तालिम बुधवार देखि सुरु भएको छ।

१५ दिन सम्म चल्ने उक्त तालिममा पोखरा-१७ को वडा कार्यालयबाट छनौटमा परेका युवा विद्यार्थीको सहभागिता रहेको छ । तालिममा नीति एकेडेमीका प्रमुख प्रशिक्षक डम्बर खडायत, बिपना चपाईले सहजीकरण गर्नेछन् ।

पोखरा-१७ वडा कार्यालयको युवा सचेतना तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा भित्रका १५ जना युवा विद्यार्थीलाई निःशुल्क तालिम दिइएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं. १७ कि वडा अध्यक्ष राधिका कुमारी शाहीले पछिल्लो समय भएको प्रविधिको विकाससँग जोड्न यो तालिम फलदायी हुने बताइन् । 'यो तालिमको आयोजना गरेर नीति एकेडेमीले युवाहरूलाई प्रविधिसँग जोड्ने काम गरेको छ जुन सकारात्मक छ' उनले भनिन्, 'तालिमको भरपुर उपयोग गर्न म सहभागीलाई अनुरोध गर्दछु ।'

वडा सदस्य शिवराम भण्डारीले युवालाई रोजगारी सृजना गर्न यो कार्यक्रम कोषढुङ्गा साबित हुने बताए । वडा सचिव सुरेन्द्र सापकोटाले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न सकेमा मात्र तालिमको सार्थकता हुने बताए । नीति एकेडेमीका अध्यक्ष माधव पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत डम्बर खडायत र सञ्चालन बिपना चपाईले गरेकी थिइन् ।

नीति एकेडेमीले स्थापना देखि हाल सम्म करिव ७ सय जना विद्यार्थीलाई तालिम दिई रोजगार दिन सफल समेत भएको छ । यस अघि पनि पोखरा महानगर पालिकाका विभिन्न वडामा विभिन्न आइटी सम्बन्धी तालिम दिइरहेको छ भने सोही अनुसारको तालिम पोखरा महानगर पालिका वडा नं. ८ को पनि तालिम चलिरहेको छ ।

# बजाजले ल्यायो पल्सर एन १२५ बि एस सिक्स भर्सन बाइक बजारमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



गण्डकी प्रदेशका लागि बजाज मोटरसाइकलको आधिकारिक बिक्रेता इच्छाशक्ति अटोमोबाइल्सले पल्सर एनको नयाँ भेरियन्ट १२५ सिसि बि एस सिक्स भर्सन बजारमा ल्याएको छ ।

ब्लुटुथ कनेक्सन सहितको पूर्ण डिजिटल कन्टोलको साथमा आएको एन १२५ मा पावर, प्रविधि र डिजाइनको उत्कृष्ट संयोजन रहेको छ । यसमा फोर स्टक, टु भल्भ इन्जिन, सिङ्गल सिलिण्डर रहेको छ । यसको ५-स्पीड गियरबक्स र नयाँ प्रणालीको एलइडी लाइटिङ समेत रहेको छ ।

यस मोटरसाइकलको मुख्य विशेषता भनेको ब्लुटुथ कनेक्टिभिटी सहितको पूर्ण-डिजिटल कन्टोल हो । गियर पोजिसन इन्डिकेटर, नयाँ डिजाइन लुक्स, सहित तीन कलरमा उपलब्ध रहेको छ । इच्छाशक्ति अटोमोबाइल्सका प्रवन्धक भगवान विजुक्छेले यस पल्सर एन १२५ले युवाहरुलाई थप आकर्षित गर्ने बताए । उहाँले यस मोटरसाइकल जस्तोसुकै सडकमा पनि फिट हुने बताउनुभयो ।

यसको बजारको मूल्य रु. २ लाख ९७ हजार ९ सय रुपैयाँ रहेको कम्पनीले जनाएको छ । साथै बाइकको बुकिङ र टेष्ट ड्राइभ समेत खुला रहेको जनाएको थियो ।

# पोखराको सर्वेश्वर व्यवसायी समिति व्यापार प्रवर्द्धन गर्न जिल्लाहरुको भ्रमणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



पोखराको चिप्लेढुंगादेखि गैह्रापाटनसम्म फैलिएको सर्वेश्वर मार्ग र पराजुली मार्गका होलसेल व्यवसायीहरु उत्तरी छिमेकी जिल्लाहरुमा व्यापार प्रवर्द्धनका लागि निस्केका छन् ।

सो क्षेत्रका व्यवसायीहरुको छाता संस्था सर्वेश्वर व्यवसायी समितिको आयोजनामा त्यस क्षेत्रका २९ जना व्यवसायीहरुको टोली व्यवसायीक भेटघाट, अर्न्तक्रिया तथा क्यालेन्डर वितरणका लागि उत्तरी छिमेकी जिल्लाहरुको ५ दिने भ्रमणमा निस्केको हो । समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)को नेतृत्वमा निस्केको सो टोली पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ पुगेर व्यवसाय प्रवर्द्धन गर्ने जनाइएको छ । टोलीले पर्वतको कुस्मा, डिमुवा, पातीचौर र नयापुल, बागलुङको बागलुङ बजार, म्याग्दीको बेनी, दरबाङ र तातोपानीमा पुगेर त्यहाँका व्यवसायीहरुसँग भेटघाट तथा अर्न्तक्रिया गर्ने अध्यक्ष थापाले जानकारी दिए । त्यस्तै, मुस्ताङको जोमसोम पुगेर व्यवसायीहरुसँग भेटघाटसँगै अर्न्तक्रिया गरिने उनले बताए ।

त्यसपछि उत्तरी नाका कोरला पुगेर व्यापारिक सम्भावनाबारे अवलोकन गरेर फर्किने उनको भनाई छ । 'उद्योग व्यवसाय प्रवर्द्धन र उत्पादित वस्तुको बजारीकरण गर्न जिल्ला भ्रमणमा निस्केका छौं'-उनले भने । यसअघि २०७५ सालमापनि सर्वेश्वर मार्ग-पराजुली मार्गका व्यवसायीहरु कोरला नाकासम्म पुगेका थिए । त्यस्तै २०८१ सालको नया क्यालेण्डर लिएर त्यस क्षेत्रका व्यवसायीहरु पर्वत, बागलुङ, रुकुम पूर्व, रुकुम पश्चिमहुँदै स्याङ्जामा व्यापार प्रवर्द्धनका लागि गएको थिए ।

सर्वेश्वर मार्ग र पराजुली मार्गमा आफ्नै र स्वेदशी गार्मेन्टबाट उत्पादित सामानहरु, फेन्सी तथा रेडिमेड सामानहरु, श्रृंगारका सम्पूर्ण कस्मेटिक सामानहरु, काचो कपडा, जुत्ता, चप्पल, व्याग, गिफ्ट तथा खेलौनाका सामानहरु थोक तथा खुद्रा मूल्यमा बिक्री हुने गरेको समितिका बरिष्ठ उपाध्यक्ष छवीलाल गौतमले बताए । होलसेल तथा खुद्रा दुबै व्यापार हुने सर्वेश्वर मार्गमा स्याङ्जा, वालिङ, तनहुँ, लमजुङ, पर्वत, बागलुङ, म्याग्दीदेखि मनाङ र मुस्ताङ तथा पूर्वी रुकुम र पश्चिम रुकुम सम्मका खुद्रा व्यापारी ग्राहकका रुपमा आउने गरेको समितिका महासचिव विशाल अधिकारीले जानकारी दिए ।

# आर्यसले श्रीलंकामा एटीएफ यु-१२ टीम टेनिस प्रतियोगिता खेल्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



पोखरेली उदीयमान खेलाडी आर्यसराज पौडेलले श्रीलंकामा हुने एटीएफ यु-१२ टीम टेनिस प्रतियोगितामा नेपालको तर्फबाट सहभागिता जनाउने भएका छन् ।

श्रीलंका टेनिस संघको आयोजनामा यहि जेष्ठ १२ देखि १६ गतेसम्म कोलम्बोमा हुने उक्त प्रतियोगितामा नेपाल सहित बंगलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलंकाका खेलाडीले भाग लिनेछन् । यसैविच,कास्की जिल्ला टेनिस संघले बुधबार एक कार्यक्रमको आयोजना गरि आर्यसलाई विदाई गरेको छ । सो अवसरमा बोल्दै संघ कास्कीका अध्यक्ष राजकुमार गुरुङले आर्यसले नेपालमा भएका विभिन्न राष्ट्रिय प्रतियोगिताहरुमा आफ्नों उमेर समुहमा उत्कृष्टता हाँसिल गर्दै आएको बताउनुभयो । उहाँले श्रीलंकामा पनि आर्यसले उत्कृष्ट प्रदर्शन गर्ने आशा व्यक्त गर्नुभयो ।

संघका प्रथम उपाध्यक्ष नविन चालिसेले आर्यस पोखराबाट उदाएका र पोखरेलीले गौरब गर्न लायक खेलाडी भएको बताउँदै श्रीलंकामा पनि राष्ट्रको शान उँचो पार्न शुभ कामना व्यक्त गरे ।

सो अवसरमा खेलाडी आर्यसराज पौडेलले श्रीलंकामा हुने उक्त प्रतियोगितामा आफ्नों अनुभवको सक्दो प्रयोग गर्ने बताउनुभयो । 'खेलमा हार वा जित जे पनि हुन सक्छ, तर म मेरो सम्पूर्ण प्रयास लगाउने छु'-उहाँले भन्नुभयो । विदाई समारोहमा कास्की टेनिस संघका पदाधिकारी तथा खेलाडीहरुले खेलाडी पौडेललाई खादा, माला ओढाएर नेपाली राष्ट्रिय झण्डा प्रदान गरेका थिए ।

# स्याङ्जाको चापाकोटमा 'अफ्रिकन स्वाइन फिवर'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ जेठ

यहाँका एक कृषकले पालन गर्दै आएको बंगुरमा 'अफ्रिकन स्वाइन फिवर' रोग भेटिएको छ । स्याङ्जाको चापाकोट-९ का कृषक दिपेन्द्र गहराजले पालेको बंगुरहरुमा अफ्रिकन स्वाइन फिवर संक्रमण रहेको भेटिएको हो ।

गहतराज बहुउद्देश्यीय कृषि तथा पशुपालन फर्म संचालन गरेका स्थानीय कृषक गहतराजले फर्ममा पालेका सबै बंगुर एकाएक मर्न थालेपछि चापाकोट नगर पशु शाखाले शंकाको आधारमा बंगुरको पोष्टमार्टम गरी नमुना परिक्षणका लागि केन्द्रीय पशुपंक्षी रोग अन्वेषण प्रयोगशालामा पठाइएको थियो ।

केन्द्रीय प्रयोगशालाले बंगुर हरुमा 'अफ्रिकन स्वाइन फिवर' संक्रमण देखिएको नतिजा पठाएपछि चापाकोटमा रोग देखिएको हो । 'अफ्रिकन स्वाइन फिवर' देखिएपछि चापाकोट नगरपालिकाले थप संक्रमण फैलिन नदिन जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्न र आन्तरिक ओसारपसार गर्न बंगुर पालक कृषकहरुलाई कडाई गरेको छ । गहतराजले भाले बंगुर बाहिरबाट ल्याएकै कारण यो संक्रमण भित्रिएको चापाकोट पशु शाखाका प्राविधिक सहायक समिक्षा रोकायले अनुमान गरेको बताएकी छन् । प्राविधिक सहायक रोकायका अनुसार कृषक गहतराजले संचालन गरेको फर्ममा ५ ओटा पोथी, एक भाले बंगुर र १७ ओटा साना बच्चा सहित सबै 'अफ्रिकन स्वाइन फिवर' संक्रमणबाट मृत्यु भएको छ । कृषक गहतराजले स्याङ्जाकै गल्याङ्बाट भाले बंगुर ल्याएको खुलेको छ । यस बिषयमा भेटेरीनरी तथा पशु सेवा विज्ञ केन्द्रबाट टोली आएपछि थप अनुसन्धान हुने प्राविधिक रोकायले बताइन् । यो संक्रमण बंगुरमा मात्रै देखिने र यो रोग लागेपछि कुनै उपचार नहुने पशु चिकित्सकहरुले बताएका छन् ।

# गोरखामा बसको ठक्करबाट बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, ७ जेठ

गोरखामा बसको ठक्करबाट बालिकाको मृत्यु भएको छ ।

गोरखाबाट आरुघाटतर्फ गइरहेको ग२ख ९२५ नम्बरकोबसकोठक्करबाटगोरखा नगरपालिका-४ फिनामकी चार वर्षीया सुविना सुर्खेतीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बुधबार दिउँसो बसबाट ओर्लिने क्रममा सोही बसको ठक्करबाट बालिकाको घटनास्थलमै मृत्यु भएको प्रहरी नायब उपरीक्षक इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार घटनामा परेर बालिकाकी आमा २० वर्षीयाा विनिता सुर्खेती भने गम्भीर घाइते भएकी छिन् । विनिताको प्रदेश अस्पताल गोरखामा उपचार भइरहेको गोरखा नगरपालिका-४ का कार्यवाहक वडाध्यक्ष निसा रोकाले बताउनुभयो ।

# यस वर्ष ...

पार्ने गरेको छ । डढेलो लगाउने व्यक्तिलाई बिगोअनुसारको जरिवानासहित तीन वर्षसम्मको कैद हुनसक्ने कानुनी प्रबन्ध रहेको छ । डढेलो लगाउने व्यक्तिका बारेमा सूचना दिने व्यक्तिलाई उसले बुझाएको जरिवानाको १० प्रतिशत पुरस्कार पाउने व्यवस्था रहेको छ ।


## हावाहुरीबाट जोगिने उपाय

- घर लगायतका निर्माण संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी कसेर बाधौं ।
- गमलालाई सुरक्षित तरिकाले राखौं ।
- जस्तापातालगायतका सामग्री खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएको बेला हावाहुरी चले भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं ।
- सवारीसाधन चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# यु १६ गण्डकी छनौंट क्रिकेट: तनहुँ ४ विकेटले विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, ७ जेठ



पोखरामा जारी यु-१६ गण्डकी प्रदेश छनौंट क्रिकेट प्रतियोगितामा सुप्रिम सुनारले अर्धशतकिय पारी खेलेपछि तनहुँले बाग्लुङलाई ४ विकेटले पराजित गरेको छ ।

वर्षातले प्रभावित खेलमा टस जितेर ब्याटिङ गरेको बाग्लुङले निर्धारित १५ ओभरमा ६ विकेट गुमाएर १ सय ३ रनको योगफल तयार पारेको थियो । बाग्लुङका रमित कँडेलले ३४ तथा अतित नेपालीले २२ रन हाने । तनहुँका बलरहरु बरदान यादव, सौरभ कुशवाह, अंकति झा, शुभम पौडेल र सुप्रिम सुनार सबैले १/१ विकेट लिए । जितका लागि १ सय ४ रन पछ्याएको तनहुँले १३.४ ओभरमा ६ विकेटको नोक्सानीमा जित हाँसिल गर्यो । प्लेयर अफ द म्याच समेत बनेका सुप्रिम सुनारले ४० बलमा १ छक्का र ७ चौका प्रहार गर्दै ५५ रनको पारी खेले, अंकित झाले १३ रन जोडे । बाग्लुङको बलिङमा सचिन परियारले २ विकेट लिंदा अविनास श्रफ, रमित कँडेल, कृष केसी र आर्यसिद्धी सापकोटाले १/१ विकेट लिए । वर्षाका कारण खेल ढिलो शुरु हुँदा ३५ ओभरको खेल १५ ओभरमा झारिएको थियो । जितसंगै समुह 'ए' बाट तनहुँले पनि २ अंक जोडेको छ ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।

– अज्ञात

## सम्पादकीय

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भ्रष्टाचारका कथा

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचारको छानबिन र अनुसन्धान हुनेभएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको भ्रष्टाचार सार्वजनिक लेखा समितिको बुधबारको बैठकले पोखरा विमानस्थल निर्माणसम्बन्धी प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने निर्णय भएको छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको बुधबारको बैठकले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी प्रतिवेदनको भाषिक शुद्धता हेरेर आयोगमा पठाउने निर्णय गरेको सभापति ऋषिकेश पोखरेलले जानकारी दिएका छन ।

राप्रपाका अध्यक्षसमेत रहेका सांसद राजेन्द्र लिङ्देन संयोजकत्वको गठित उपसमितिले पोखरा अन्तर ाष्ट्रिय विमानस्थल निर्माणमा झन्डै १० अर्ब रुपैयाँ भ्रष्टाचार भएको आरोप प्रतिवेदन तयार पारेको छ। उक्त प्रतिवेदनमाथि थप अध्ययन गिर आवश्यक कारबाहीका लागि अख्तियार पठाउने निर् यस विषयमा सत्तापक्ष र विपक्षी दलका सांसदहरूबीच चर्काचर्की नै भएको थियो । सत्ता नेतृत्वकर्ता नेकपा एमालेका सांसदहरूले प्रतिवेदन अपूर्ण रहेको भन्दै यससँग सम्बन्धितहरूलाई समितिमा ल्याएर छलफल गर्न माग गरेका थिए। तर विपक्षी दलका सांसदहरूले भने उपसमितिले तयार पारेकै प्रतिवेदन जस्ताको त्यस्तै आयोगमा पठाउनुपर्ने बताए । उपसमितिले पोखरा अन्तर ाष्ट्रिय विमानस्थल निर्माणमा ठेक्का प्रक्रियादेखि नै भ्रष्टाचार भएको निष्कर्ष निकालेको थियो। तत्कालीन आयोजना प्रमुख तथा नागरिक उड्डयन प्राधिकरणका वर्तमान महानिर्देशक प्रदीप अधिकारीसहित ८ प्राविधिक तथा कर्मचारीलाई निलम्बन गरी कारबाही प्रक्रिया अघि बढाउन उपसमितिले सिफारिस गरेको थियो । उक्तससससर्ीडिउप्रतिवदनसहित लेखा समितिले अख्तियारमा अनुसन्धान र कारबाहीका लागि लेखिपठाएको हो ।

विज्ञताको अभावले प्रतिवेदनमा एकातिर विमानस्थलको निर्माण, ठेक्का प्रक्रिया र लागत बढाउँदा नीतिगत निर्णय गर्ने उच्चस्तरीय पदाधिकारी कसैको पनि नाम र जिम्मेवारी उल्लेख नभएको बताइएको छ । सार्वजनिक खरिद ऐनविपरीत वार्ता गरी ६ अर्ब ५६ करोड लागत वृद्धि, कर छुटबापत २ अर्ब २२ करोड फिर्ता, छिनेडाँडा कटानमा थप ३२ करोड भुक्तानलगायतमा भ्रष्टाचार गरेको भन्दै उपसमितिले प्रतिवेदन तयार पारेको छ ।

विमानस्थल निर्माण सुरु हुनुपूर्व नै लागत मूल्यवृद्धि गरेर वार्ताद्वारा ठेक्का प्रक्रिया टुंग्याइएको उपसमितिको निष्कर्ष छ । प्राधिकरणले १४५ मिलियन अमेरिकी डलर (सन् २०१४ को विनिमय दरअनुसार १३ अर्ब ५९ करोड रुपैयाँ) लागत अनुमान गरे पनि त्यसमा ७० मिलियन डलर (६ अर्ब ५६ करोड) लागत वृद्धि गरी चिनियाँ कम्पनी सीएएमसी इन्जिनियरिङसँग ठेक्का सम्झौता गरेर अनियमितता गरेको निष्कर्ष उपसमितिले निकालेको थियो ।

सम्भाव्यता अध्ययन र विमानस्थल सञ्चालनसम्बन्धी रणनीतिक कार्ययोजनाबिना नै ऋण लिएको, विमानस्थल निर्माण तथा छिनेडाँडा कटान गर्नुअघि वातावरणीय प्रभाव मूल्याङ्कन नगरिएको, विमानस्थल निर्माण प्रक्रिया आवश्यकताभन्दा पनि निर्माण कम्पनीको इच्छाअनुसार अघि बढाइएको उपसमितिको प्रतिवेदनमा उल्लेख छाचिनिया निर्माण कम्पनीले आपत्ति जनाएको छ । राम्रो अनुसन्धान र छानबिन बाट मात्र सहीसूचना पाइन्छाराजनीतिक प्रतिशोध र सस्तो प्रचारबाट टाढै बसेर अनुसन्धान र छानबिन आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जीवनोपयोगी सीप सिकाउँदै स्थानीय तह

**पोखरापत्र संवाददाता**
दमौली, ७ जेठ

यहाँका युवावर्गलाई लक्षित गर्दै जीवनोपयोगी सीप सिकाउन थालिएको छ । स्थानीयलाई स्वरोजगार बनाउने उद्देश्यसहित स्थानीय तहद्वारा 'युवा लक्षित कार्यक्रम'अन्तर्गत विभिन्न सीप सिकाउन थालिएको हो ।

व्यास नगरपालिका-३ वडा कार्यालयले युवालक्षित जीवनोपयोगी सीप सिकाएर आत्मनिर्भरतातर्फ लैजाने उद्देश्यले कपाल काट्ने र सौन्दर्यकलासम्बन्धी सीपमूलक तालिम दिन थालेको हो । युवालाई लक्षित गरी कपाल काट्नेसम्बन्धी दुई महिने तालिम सञ्चालन गरिएको वडा सदस्य दधिराज घिमिरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्वरोजगारमूलक तालिमलाई प्राथमिकता दिँदै युवालाई आर्थिक आम्दानीमा जोड्ने उद्देश्यसहित तालिक सञ्चालन गरिएको हो । गत वर्ष पनि सीपमूलक तालिम प्रदान गरेका थियौँ ।" वडाले सञ्चालन गरेको कपाल काट्ने तालिममा १५ युवा र सौन्दर्यकला तालिममा १५ जना युवतीको सहभागिता रहेको घिमिरेले जानकारी दिनुभयो ।

व्यास-३ का वडाध्यक्ष अनुप रानाले स्थानीयको माग अनुसार युवालक्षित कार्यक्रम सञ्चालन गर्दै आइएको बताउनुभयो । उहाँले भन्नुभयो, "युवायुवतीलाई सीप सिकाएर सक्षम, स्वरोजगार र आम्दानीका स्रोत सुनिश्चित गर्ने लक्ष्य पालिकाको हो । युवायुवतीले जुन तालिमको माग गर्नुहुन्छ सोही अनुसार तालिम दिन थालेका छौँ ।" कपाल काट्ने तालिम लिनुभएका गौरव धमेलले सीप सिकेपछि भविष्यमा आफैँले व्यवसाय गर्ने आआयोजना बनाएको बताउनुभयो । उहाँले भन्नुभयो, "जीवनोपयोगी सीप सिकेपछि भोलिका दिनमा आफैँ स्वरोजगार बन्न सकिन्छ । विदेश जाँदा पनि सीप सिकेर गएमा थप उपलब्धिमूलक हुनेछ ।" ह्याण्डसम पार्लरका सञ्चालक मोविन मोहम्मदले तालिममा सहभागी युवालाई कपाल काट्ने प्रयोगात्मक सीपबारे जानकारी गराउनुभएको छ । म्याग्दे गाउँपालिकाले स्थानीय समुदायलाई आत्मनिर्भर बनाउने उद्देश्यअनुसार युवाको मागबमोजिम सीपमूलक तालिम सञ्चालनको तयारी गरेको छ । गाउँपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमअन्तर्गत क्रिष्टलका गहना, हर्पिक, फिनेल, झोल साबुन उत्पादन, कफी बनाउने (वारिष्टा), कला संस्कृतिका लागि पञ्चेबाजा बजाउने, कुकिङलगायत तालिम सञ्चालनको तयारी गरिरहेको गाउँपालिकाका आर्थिक विकास शाखा प्रमुख प्रदीप न्यौपानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार सीप सिकाउँदै उद्यमी बन्न चाहनेका लागि घरधुरी सर्वेक्षण, अभिमुखीकरण र उद्यमशीलता विकास तालिम सञ्चालन भइरहेका छन् । चालु आर्थिक वर्षमा म्याग्दे-३, ४, ५ र ६ का ७५ जनालाई सीपमूलक तालिम दिने आआयोजना रहेको उहाँले बताउनुभयो ।

न्यौपानेले भन्नुभयो, "लघु, घरेलु तथा साना उद्योगमा कम लगानी रहने भएकाले सीपमार्फत सहज रूपमा व्यवसाय सञ्चालन गर्न सकिने लक्ष्यसहित यसतर्फ युवायुवतीको आकर्षण बढेको छ ।" पालिकाले पनि स्थानीयको मागअनुसार तालिम सञ्चालन गर्दै आइरहेको उहाँको भनाइ छ ।

तालिमबाट स्थानीयस्तरमा आर्थिक क्रियाकलाप वृद्धि गरी नवप्रवर्द्धनको अवधारणालाई अवलम्बन गर्ने, समावेशी र दिगो स्थानीय आर्थिक वृद्धिको प्रवर्द्धन गर्ने, अन्तर स्थानीय तहमा नवीनता, असल अभ्यास र सिकाइ आदानप्रदान गर्ने, स्थानीय आर्थिक विकासका क्रियाकलापमा निजी, सामुदायिक र सहकारी क्षेत्रको अधिकतम परिचालन गर्नेलगायत लक्ष्य गाउँपालिकाको रहेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने, स्थानीय तहमा आर्थिक समृद्धि हासिल गर्ने, युवालाई आत्मनिर्भर बनाउने, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय वृद्धि गर्नेलगायत लक्ष्य पालिकाले लिएको छ ।

# सुरु भयो स्वाँतका भिरमा यसयामको 'हनिहन्टिङ'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ



म्याग्दीको अन्नपूर्ण गाउँपालिका -५ स्वाँतमा रहेका भिरहरूमा महशिकार सुरु भएको छ । स्वाँतवासीले हरेक वर्षको जेठ महिनाको पहिलो हप्ता सामूहिक रुपमा गाउँ वरपरको भिरमा सामूहिक महशिकार गर्ने वर्षौंअघिदेखिको चलनलाई निरन्तरता दिएका छन् । स्थानीय लोकबहादुर पाइजाको नेतृत्वमा मंगलबार छहरे भिरबाट ४० लिटर मह निकालिएको छ ।

डोरीमा झुण्डीएर मह निकाल्ने टोलीमा पाइजाको साथमा ७२ वर्षीय केशबहादुर तिलिजा पुन देखि तुलबहादुर पुर्जा, सुजन तिलिजा र सनम पाइजा लगायतका युवाहरू सहभागी हुनुभएको थियो ।

अक्करे भिरमा शिकारीले भाडामा झिक्ने महलाई संकलन, प्रारम्भिक प्रसोधन गर्ने र सहयोगी सहित करिब २० जना सहभागी थिए । महशिकार गर्ने चलन लोप हुन नदिनका लागि अग्रजहरूले युवाहरूलाई यस सम्बन्धी सिप सिकाएर हस्तान्तरण गरेका छन् ।

स्वाँतबासीहरू घरको काम सकेर दिनभर महशिकार अवलोकन गर्न छहरेभिर गएका थिए । महशिकार गर्नुअघि भिरको नजिकै मगर संस्कृति अनुसार अशुभ् नहोस भन्ने कामना गर्दै पुजाआजा गरिएको थियो । गत वर्ष दुई सय लिटर मह निकालिएको छहरे भिरमा यसपाली पाँच गुणा कम मह उत्पादन भएको छ । केही दिनदेखिको बर्षाका कारण मौरी चरन क्षेत्रमा जान नपाउँदा गोलाको मह खाएकाले मह कम भएको शिकारी पाइजाले बताउनुभयो । छहरीको भिरमा ११ वटा गोला थियो । बुधबार स्वाँत देखि खोपारा जाने पदमार्गमा पर्ने छिसको टाउको भिरमा महशिकार गर्ने तयारी छ । त्यहाँ करिब २० वटा गोला छन् । खोल्साको नजिकैको ओसेपिलो ठाउँको अक्करे पहाडको बिच भागमा भिरमौरीको बासस्थान हुन्छ । वनजङ्गलमा फुल्ने फुल भिरमौरीको आहरा हो । हिउँदमा न्यानो खोज्दै बेशी झर्ने भिरमौरी गर्मी बढ्न थालेसँगै माथिल्लो क्षेत्रमा बसाईसराई गर्छन् । महशिकार अवलोकनका लागि पर्यटकहरू पनि आएका थिए । काठमाडौका सागर पराजुलीले रसीमा झुण्डीएर भिरबाट मह निकालेको साहासिक दृष्य अवलोकन गर्ने सौभाग्य मिलेको बताउनुभयो । "मह सिकारीले डोरीको सहायताले भीर मौरीको गोला भएको डरलाग्दो भिरमा झुण्डिएर मह निकालेको पहिलो पटक देख्दा शरिरनै जिरिङ्ग भयो," उहाँले भन्नुभयो "भिरमह खाँदा जति स्वादिलो र रसिलो हुन्छ यसलाई निकाल्न भने अत्यन्तै जोखिम मोल्नुपर्ने रहेछ ।" भीरमा भीरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । वसन्त र शरद ऋतु मह शिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैंसी र शरदमा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । मह निकाल्नका लागि भीरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भीरको माथिबाट तल भुइँसम्म डोरी (स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तल अथवा माथिपट्टि बस्ने अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् । महको चाका वरिपरि माहुरी घेरिएर बसेका हुन्छन् । धुवाँ लगाइदिएपछि मौरी भाग्छन् । त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनु पर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुँवा झोस्न सुरु गर्छन् माहुरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् । माहुरी अन्यत्रै भागेपछि मात्र उनीहरूलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले तलमाथि गराइन्छ गरिन्छ । चौध वर्षदेखि महशिकार गर्दै आएका ७२ वर्षीय केशबहादुरले पछिल्लो समय मौरीको टोकाईबाट बच्न सकिने कपडा, सेफ्टी बेल्ट प्रयोग गर्न थालेपछि जोखिम घटेको अनुभव बताउनुभयो । "आठ दश वर्षअघिसम्म शिकार गर्दा एकातर्फ मौरीले टोक्ने अर्कोतर्फ रसी फुत्किएर खस्ने डर हुन्थ्यो," उहाँले भन्नुभयो "अहिले सेफ्टीका सामान भएपछि सुरक्षित र सजिलो भएको छ ।" स्वादिलो, स्वास्थ्यका लागि हितकर भिरमह शक्तिवर्द्धक हुने स्वाँतका बासिन्दा बलबहादुर तिलिजाले बताउनुभयो । मह धार्मिक कार्यमा पनि प्रयोग हुने भएकाले थप महत्व छ । विदेश गएका र सहरमा बस्नेहरूले भिरमह कोशेलीका रुपमा लैजाने गर्छन् । स्वाँतका सबै भिरबाट निकालिएको मह संकलन गरेपछि बैठक बसेर वितरण गर्ने चलन छ । पराङमा चढ्ने, उनीहरूलाई सहयोग गर्ने र गाउँमा बसोबास गर्नेहरूलाई तीन बर्गमा बिभाजन गरेर मह वितरण गर्ने चलन छ । गाउँमा वितरण भएपछि बढी भएको मह बाहिर बिक्री गर्ने गरिन्छ । स्वाँतको भिरमहको मूल्य प्रतिलिटर रु. तीन हजार कायम गरिएको छ । बसाई सरेर बेनी, पोखरा, काठमाडौ, चितवन गएकाहरू मह शिकार गर्ने समयमा स्वाँत आउँछन् । पोखरामा बस्दै आउनुभएकी स्वाँतकी चन्द्र पुनले महशिकार हेर्न, ताजा मह खान र किनेर लैजान हरेक बर्ष गाउँमा आउने गरेको बताउनुभयो । स्वाँतमा बस्ति बसेदेखिनै महशिकार गर्ने चलन रहेको छ । अन्नपूर्ण गाउँपालिका-५ शिखका वडा अध्यक्ष राजेश तिलिजा पुनले महशिकारलाई व्यवस्थित, आधुनिक र सुरक्षित तथा व्यवसायिक बनाउदै पर्यटनसँग जोड्ने योजना रहेको बताउनुभयो । महशिकारको समयमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने, महलाई व्यवस्थित रुपमा प्रसोधन र भण्डारण गरि बजारीकरणको ब्यवस्था मिलाउन पहल गर्ने वडा अध्यक्ष तिलीजाले बताउनुभयो ।

# कांग्रेसभित्र एकता अपरिहार्य छ : प्रवक्ता महत



**पोखरापत्र संवाददाता**
दमौली, ७ जेठ

नेपाली कांग्रेसका प्रवक्ता एवं पूर्वमन्त्री डा प्रकाशशरण महतले पार्टीभित्र एकताको विकल्प नरहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस भानु नगरसमितिले आज यहाँ आयोजना गरेको कार्यकर्ता भेटघाटमा उहाँले पार्टी बलियो हुन पार्टीभित्र सहमति र एकता अपरिहार्य रहेको बताउनुभयो । पार्टीभित्रका कमजोरी सुधार्दै पार्टीलाई बलियो बनाउनु अहिलेको मुख्य आवश्यकता रहेको उहाँको भनाइ छ । कांग्रेस बलियो भएमात्रै अन्य पार्टीसँग प्रतिस्पर्धा गर्न सकिने प्रवक्ता महतले उल्लेख गर्नुभयो । प्रवक्ता महतले कांग्रेसको नेतृत्वमा देश विकास सम्भव रहेको र धेरै विकासका काम पार्टीकै नेतृत्वमा भएको बताउँदै कांग्रेसले गरेका कामको प्रचारप्रसार गर्न आवश्यक रहेको टिप्पणी गर्नुभयो । कार्यक्रममा नेपाली कांग्रेसका वैकल्पिक केन्द्रीय सदस्य पुष्पराज पराजुली, जिल्ला कार्यसमितिका उपसभापति देवकुमार श्रेष्ठ, सचिव सहदेव अधिकारी, भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीलगायत सहभागी हुनुहुन्थ्यो ।

# घरपझोङको झोलुङे पुल जोखिममा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ जेठ

मुस्ताङको घरपझोङ गाउँपालिका-१ र २ जोड्ने छैरो तिब्बती क्याम्प जाने झोलुङ्गे पुल जोखममा परेको छ ।

मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रले कालिगण्डकी छैरो तिब्बती क्याम्पतर्फको खेतीयोग्य जमिन जोगाउन रिटेनिङ वाल निर्माणको क्रममा झोलुङ्गे पुल जोखिममा परेको हो । घरपझोङ-१ छैरो तिब्बती क्याम्पका शरणार्थीलाई लक्षित गरी निर्माण भएको छैरो तिब्बती क्याम्प जाने झोलुङ्गे पुल पर्खालको निर्माणका क्रममा जमिन चर्किन पुग्दा झोलुङ्गे पुल जोखिममा परेको हो । छैरो तिब्बती क्याम्पस जाने कालिगण्डकी नदीमा निर्माण भएको पुरानो झोलुङ्गे पुल जीर्ण हुँदा त्यस स्थानमा अर्को झोलुङ्गे पुल निर्माण गरिएको थियो । उक्त पुल क्याम्पतर्फ क्षेत्रमा जमिन चर्किन पुग्दा तिब्बती क्याम्प जाने झोलुङ्गे पुल जोखिममा परेका क्याम्पका मुखिया टसी ढिन्डुकले जानकारी दिनुभयो ।"क्याम्पतर्फको भागमा झोलुङ्गे पुलको बिमा र पुलको डिपिसी धुजाधुजा भएको छ । पुल कुनै पनि बेला झनै ठूलो क्षति हुने खतरा बढेको छ", मुखिया टसी ढिन्डुकले भन्नुभयो, "पुलमा मान्छे हिँड्न जोखिम छ, यसैले पुलमा मान्छे हिँड्न बन्द गरेका छौं ।" मुखिया टसी ढिन्डुकले तिब्बती क्याम्प जाने झोलुङ्गे पुल जोखिममा पर्दा क्याम्पका करिब ६० घरधुरीलाई राजमार्ग सडकमा आउजाउ गर्न समस्या परेको बताउनुभयो । क्याम्प जाने झोलुङ्गे पुल जोखिममा परेकाले त्यसको मर्मत सुधार वा पुनःनिर्माणका लागि जिल्ला प्रशासन कार्यालय मुस्ताङमा निवेदन पेस गरेको मुखिया ढिन्डुकले उल्लेख गर्नुभयो । "पुल जोखिममा परेकाले मर्मत सुधार गरिदिन पहलका लागि प्रशासनलाई निवेदन दिएका छौँ", उहाँले भन्नुभयो ।

शीतोष्ण बागवानी विकास केन्द्र मार्फाका कार्यालय प्रमुख पद्मनाथ आत्रेयले तिब्बती क्याम्प जाने जोखिममा रहेको झोलुङ्गे पुल मर्मत सुधारका लागि कार्यालयले पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । "हाम्रो कन्ट्रक्सनको कामले झोलुङ्गे पुलमा असर परेको छ", कार्यालय प्रमुख आत्रेयले भन्नुभयो, "हामी जतीसक्दो छिटो झोलुङ्गे पुललाई यथाशिघ्र मर्मत गर्नेछौं ।" मुस्ताङको छैरो क्याम्प जाने पुल जमिन च्यातिएर जोखिममा परेसँगै क्याम्पमा बस्ने शरणार्थीलाई दैनिक आउजाउ र मालसामान ढुवानीमा समस्या परेको छ । अहिले पुल जोखिममा परेपछि क्याम्पका शरणार्थीले छैरो गाउँ नजिकको अर्को झोलुङे पुल तरेर करिब आधा घण्टा खर्चिएर राष्ट्रिय राजमार्ग आउनुपर्ने बाध्यता रहेको छ ।

# बागलुङमा आन्तरिक पर्यटकको आगमन वृद्धि

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ जेठ

न्यून विदेशी पर्यटक भित्रने बागलुङमा आन्तरिक पर्यटकको आगमन भने ह्वात्तै बढेको छ । पछिल्लो समय अध्ययन, अवलोकन भ्रमण र तीर्थयात्राका नाममा बागलुङ आन्तरिक पर्यटकको गन्तव्यका रुपमा विकसित भएको हो ।



प्रसिद्ध धार्मिकस्थल बागलुङ कालिका, पञ्चकोट तथा शालग्राम सङ्ग्रहालय परिसरमा आन्तरिक पर्यटकका सयौँ सवारी साधन देखिने गरेका छन् । पर्यटक बढेपछि कालिका मन्दिर परिसरमा पार्किङ व्यवस्थापनमा पनि हम्मे पर्न थालेको छ । नेपालकै सबैभन्दा लामो झोलुङ्गे पुल, भैरवस्थान मन्दिर, गाईघाट झरना र ढोरपाटन सिकार आरक्ष पुग्ने पर्यटकमा समेत वार्षिक रुपमा वृद्धि भएको छ ।

विराटनगर र पोखराबाट शैक्षिक भ्रमण, देशका विभिन्न भागका श्रद्धालु तीर्थयात्रीका रोजाइमा बागलुङका धार्मिक एवं पर्यटकीय गन्तव्यहरु पर्न थालेका छन् । हरेक दिन धार्मिक पर्यटकीयस्थल पञ्चकोट तथा बालाजीधाम मन्दिर कुडुँलेस्थित शालग्राम सङ्ग्रहालयमा देशका विभिन्न स्थानबाट घुम्न आउनेहरूको लर्को लाग्न थालेको छ । गत वर्ष एक लाखभन्दा बढी पर्यटकले शालग्राम सङ्ग्रहालयको दर्शन गरेका स्थानीय अर्जुन सापकोटाले जानकारी दिनुभयो ।

उहाँले नयाँ वर्ष २०८२ को पहिलो दिन कुडुँलेको शालग्राम शिलामा अहिलेसम्मकै धेरै पर्यटक आएको बताउनुभयो । उहाँले चैते दसैँयता विद्यालय तथा क्याम्पसले विद्यार्थीलाई शैक्षिक भ्रमणका लागि विभिन्न स्थानमा लैजाने गरेकामा अधिकांश पोखरा क्षेत्रबाट भ्रमणका लागि यहाँ आएको बताउनुभयो । "नयाँ वर्षमा आन्तरिक पर्यटकका कारण शालग्राम सङ्ग्रहालयमा टेक्ने ठाउँ थिएन, त्यसयता बिदाको समयमा आन्तरिक पर्यटकको भीड नै लाग्ने गरेको छ, सदरमुकामबाट जम्मा चार किमीमा रहेको सङ्ग्रहालय अवलोकनका लागि आउने ५० प्रतिशत पर्यटक मुस्ताङसमेत पुग्ने गरेका छन्", उहाँले भन्नुभयो ।

कालिका गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार कालिका मन्दिरलगायत बागलुङ नगरपालिका आसपासका पर्यटकीयस्थलमा मुक्तिनाथ हिँडेका तथा शैक्षिक भ्रमणका लागि पर्यटक आउनेक्रम वृद्धि भएको छ । चैतेदसैँ र वडादसैँमा भीड हुने कालिका मन्दिरमा नयाँ वर्षसहित अन्य दिनमा पनि भीड लाग्न थालेको छ । चैतेदसैँयता छ लाख पर्यटक भित्रिएका छन् ।

पर्यटनका हिसावले बागलुङ राम्रो भन्ने सुनेर सातदिने शैक्षिक भ्रमणका क्रममा एक दिन बागलुङलाई छुट्याएर आएको हेटौँडाका राम मर्हजनले जानकारी दिनुभयो । उहाँले बागलुङको पञ्चकोट, कुडुँलेको शालग्राम सङ्ग्रहालय र कालिका मन्दिर दर्शनका लागि आएको बताउनुभयो । भ्रमण टोली पोखरा घुमरे बागलुङ हुँदै म्याग्दी र मुस्ताङ जाने योजना रहेको उहाँले बताउनुभयो ।

मुस्ताङ हिँडेका पर्यटकलाई बागलुङका पर्यटकीय गन्तव्यले आकर्षित गर्न थालेको पर्यटन व्यवसायी बताउँछन् । शैक्षिक भ्रमण तथा घुम्न आउने पर्यटकका कारण बागलुङका होटल यात्रीले भरिएका व्यवसायी अर्जुन चोखालले बताउनुभयो । नेपालका सय पर्यटकीय गन्तव्यको सूचीमा पञ्चकोट र बागलुङ कालिका समावेश हुनु तथा पर्यटन व्यावसायीको सक्रियताले बागलुङमा आन्तरिक पर्यटकको आगमन बढेको हो ।

# 'विकास-निर्माणका काम कांग्रेसको उच्च प्राथमिकतामा'

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ जेठ

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले विकास-निर्माणका कामलाई आफ्नो पार्टीले उच्च महत्व दिएको बताउनुभएको छ ।

नेपाली कांग्रेस बन्दीपुर गाउँ कार्यसमितिले आज यहाँ आयोजना गरेको कार्यकर्ता भेटमा उहाँले कांग्रेसको नेतृत्वमा नै देश विकासको पथमा सशक्त ढङ्गले अघिबढ्ने बताउनुभयो ।

पूर्वअर्थमन्त्री महतले लोकप्रिय हुन हचुवाका भरमा कार्यक्रम घोषणा गर्ने प्रवृत्ति रहेको टिप्पणी गर्दै त्यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो । बजेट छर्ने प्रवृत्तप्रति लक्ष्य गर्दै उहाँले त्यसो भन्नुभएको हो । प्रवक्ता महतले नेपाली कांग्रेसमा एकता आवश्यक रहेको औँल्याउनुभयो । कांग्रेस एकताबद्ध भएमा आगामी निर्वाचनमा सबैभन्दा ठूलो शक्ति बन्नबाट उसलाई कसैले रोक्न नसक्ने उहाँले बताउनुभयो ।

एक्लै प्रतिस्पर्धा गरेर बहुमत ल्याउने कांग्रेसको नीति भए पनि चुनावमा गठबन्धन गर्नुपर्ने बाध्यात्मक परिस्थितिमा त्यसो गर्नुपरेको स्पष्ट गर्नुभयो ।

निर्वाचन प्रणालीका कारण कुनै एक पार्टीको बहुमत नआउने भएकाले सरकार गठनमा पनि गठबन्धन गर्नुपर्ने बाध्यता रहेको प्रवक्ता महतले बताउनुभयो ।

# भूमेपूजापछि 'लिङ्गो जुधाउने' अनौठो परम्परा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

रघुगङ्गा गाउँपालिका-४ दग्नाममा सयौँ वर्ष पुरानो सांस्कृतिक परम्परा 'लिङ्गो जुधाउने' प्रतियोगिता भएको छ । भूमेपूजापछि लिङ्गो जुधाउने परम्परालाई यहाँका स्थानीयले निरन्तरता दिँदै आएका छन् ।

मङ्गलबार सम्पन्न प्रतियोगितामा कान्छीगाउँ विजयी भएको छ । प्रतियोगिता मुन्का डाँडामा भएको थियो । सयौँ स्थानीय सहभागी प्रतियोगितामा भूमेपूजाको रौनक बढेको दग्नामका वडाध्यक्ष पबिन गर्बुजाले बताउनुभयो ।

पुर्ख्यौली सोरठी भाका र नाचका साथै पञ्चैबाजासहित भूमेपूजाको लिङ्गो जुधाउने प्रतिस्पर्धा अवलोकन गर्न गाउँ र वरपरका पाँच सय गाउँले सहभागी थिए । मौलिक ग्रामीण परम्परा भूमेपूजा र लिङ्गङ्गो जुधाएको हेर्ने अधिक दग्नामीहरू रहेका वडाध्यक्ष गर्बुजाले बताउनुभयो । मङ्गलबार बिहान भूमेपूजापछि दिउँसो भूमे देवतालाई खुसी पार्न स्थानीयले लिङ्गो जुधाएका हुन् । प्रतियोगितामा सिङ्गारिएका अग्ला बाँस जुधाइन्छ ।

प्रकृति पूजाका रूपमा मगर समुदायले भूमेपूजालाई महत्व दिँदै आएका छन् । दग्नामवासीले हरेक वर्ष जेठको पहिलो वा दोस्रो मङ्गलवारका दिन बाढीपहिरो र प्राकृतिक प्रकोपबाट बाली जोगियोस् भन्ने कामनाका साथ भूमेपूजा गर्दै आएका छन् ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

**Invitation for Sealed Quotation for the Procurement of Supply, delivery, installation and commission of diesel generator**

**Sealed Quotation No: 20/081/82/PRM**
**Date of first Publication: 22-05-2025**

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered electricals or electromechanical suppliers for the Procurement of Supply, delivery, installation and commission of diesel generator to the Phedikhola rural municipality at Phedikhola-2, Syangja; Contract ID: 35-PRM-G-SQ-081-82-20. Estimated cost of goods to be supply is NRs. 1,900,000.00 (With VAT, all taxes, transportation and other charges).
2. Eligible suppliers may obtain further information and inspect the sealed quotation forms/documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal; Phone: 063402053; email: phedikhola174@gmail.com or
OR
may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Complete set of sealed quotation documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, by eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT registration certificate, tax clearance certificate, business registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 05-June-2025 during office hours.
4. Bidders who choose to submit their bid electronically may download the sealed quotations documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account and scanned copy of voucher of cost of quotation document should be attached in PDF form with their bid.
i. Name of the bank: Prime Bank Ltd. ii. Name of office: Phedikhola Rural Municipality
iii. Office Account No: 06501000000030800180.
5. Sealed quotations must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Gandaki Province, Nepal by hand or through e-GP system i.e. www. bolpatra.gov.np/egp, on or before 12:00 hrs. of 06-June-2025. Sealed quotations received after this deadline will be rejected.
6. The sealed quotations/bids will be opened in the presence of bidders' representatives who choose to attend at 06-June-2025 on 12:00 hrs. at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal.
Sealed quotations/bids must be valid for a period of 45 days after SQ/bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 48,000.00, which shall be valid for 30 days beyond the validity period of the bid/SQ. If syupplier wish to submit the cash as bid security, the cash should be deposited in Dharauti Account No. 06501000000003600179 at Prime Bank Ltd., Phedikhola, Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. In case of e-submission the scanned copy of bid security or Dharauti cash deposit voucher in PDF format should be submitted with the bid/SQ.
7. If the last date of purchase and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid/SQ security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly, any or all the Sealed Quotations without assigning any reason whatsoever.


# महाशिलाले ल्यायो गुरुङ भाषामा नीति तथा कार्यक्रम

**पोखरापत्र संवाददाता**
पर्वत, ७ जेठ

पर्वतको महाशिला गाउँपालिकाले गुरुङ भाषाको खिमा लिपीमा नीति तथा कार्यक्रम ल्याएको छ ।

गण्डकी प्रदेश सरकारले नेपाली बाहेक गुरुङ र मगर भाषालाई सरकारी भाषाका रुपमा प्रयोग गर्ने गरी विधेयक अघि बढाएका बेला महाशिलाले नीति तथा कार्यक्रम नै गुरुङ भाषामा प्रकाशन गरेको छ । नीति तथा कार्यक्रम आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको प्रमुख प्रशासकिय अधिकृत देवेन्द्र पाण्डेयले जानकारी दिनुभयो । सरकारले गुरुङ भाषालाई कामकाजको भाषाको रूपमा प्रयोमा ल्याउने तयारी गरेको अवस्थामा महाशिलाले चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम गुरुङ भाषा र लिपीमा सार्वजनिक गर्ने निर्णय गरेको थियो । प्रमुख प्रशासकीय अधिकृत पाण्डेयले नीति तथा कार्यक्रम स्थानीय भाषामा सार्वजनिक गर्ने महाशिला गाउँपालिका पहिलो तह बनेको जानकारी दिनुभयो । गाउँपालिकाले नेपाली भाषामा नीति तथा कार्यक्रम गत वर्ष सार्वजनिक गरेको थियो । सोही नीति तथा कार्यक्रमलाई अहिले गुरुङ भाषामा प्रकाशन गरिएको हो । गुरुङ भाषाभित्र खिमा लिपीमा नीति तथा कार्यक्रमलाई लिपीबद्ध गरिएको उहाँले बताउनुभयो । महाशिलाले यसअघि नेपाली भाषामा आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, स्वास्थ्य, सामाजिक न्याय, खानेपानी, भौतिक पूर्वाधार, विपत् तथा वातावरण, संस्थागत सेवा प्रवाह र सुशासन क्षेत्रलाई प्राथमिकता दिइ नीति तथा कार्यक्रम ल्याएको थियो । यसैगरी बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, खेलकुद तथा मनोरञ्जन, संस्कृति, प्रदेश सरकारसँग सहकार्यलगायत विषय नीति तथा कार्यक्रममा समेटिएका थिए । तीनै प्राथमिकताका क्षेत्रलाई अहिले गुरुङ भाषाको खिमा लिपीमा उल्था गरी प्रकाशन गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले जानकारी दिनुभयो । उहाँले आगामी वर्षदेखि दुवै भाषामा एकैसाथ सार्वजनिक गरिने बताउनुभयो ।

महाशिलाकाका ६ वटै वडामा गुरुङ समुदायको बसोबास रहेको छ । गण्डकी सरकारले सरकारी कामकाजको भाषाका रूपमा गुरुङ र मगर भाषालाई समेट्न विधेयक ल्याउनुअघि गुरुङ र मगर बाहुल्य जिल्लामा पुगी सरोकारवालासँग सुझाव सङ्कलन गरेको थियो ।

# लिङ्गो जुधाइ प्रतियोगितामा कान्छी गाउँ विजयी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ जेठ

सयौँ वर्षदेखि भूमी (भूमे) पुजन गरी प्रकृतिलाई खुसी बनाउने म्याग्दीको रघुगङ्गा गाउँपालिका-४, दग्नाम वासीको परम्पराअनुसार आज सम्पन्न भूमे पूजासहित लिङ्गो जुधाइ प्रतियोगितामा कान्छी गाउँ विजयी भएको छ ।

दग्नामको भूमेथानमा स्थानीय एकता युवा क्लबले आयोजनामा गरेको लिङ्गो जुधाउने प्रतियोगितामा गैरी गाउँ र कान्छी गाउँबाट अग्ला लिङ्गोहरु जुधाउँदा कान्छी गाउँ विजय भएको स्थानीय समाजसेवी धनीलाल गर्बुजाले जानकारी दिनुभयो । दग्नामको भूमे पूजाको मुख्य आर्कषणको रुपमा लिइएको लिङ्गो जुधाउने प्रतिस्पर्धामा गैरी र कान्छी गाउँबीच भएको लिङ्गो जुधाइमा कान्छी गाउँ विजयी भएको हो । विगत चार सय वर्ष पहिलेदेखि भूमे पुजाका साथै सोही दिन दग्नामका दुई गाउँका बीचमा लिङ्गो जुधाउने प्रतियोगिता हुँदै आएको एकता युवा क्लब दग्नामका अध्यक्ष मनोज तिलिजाले बताउनुभयो ।

दुई गाउँबाट छुट्टाछुट्टै रुपमा ध्वजासहित लिङ्गोलाई चिटिक्क सिङ्गारिएको अग्लो बाँसको लिङ्गो बोकेर मुन्का डाँडामा पुगेपछि प्रतिस्पर्धा सुरु भएको थियो । यहाँ सामे भुमे, सिद्ध भूमे, देवी, देउराली, भारा, खोला र मण्डलीको पूजाआजा गरी खेतीबाली, राम्रो होस्, प्राकृतिक प्रकोपसहित विनाश नहोस्, स्थानीयको मनोकामना पूरा होस् भनी हरेक वर्षको जेठ महिनामा भूमेपूजा गर्ने गर्दछन् । पूजापछि सोही दिन आयोजना गरिने लिङ्गो जुधाउने प्रतियोगितालाई खुसियाली र भावनात्मक प्रतिस्पर्धासँगै एकताको प्रतीकको रुपमा लिने गरिएको स्थानीय गुन पुनले बताउनुभयो ।

दग्नाममा गैरी गाउँ, कान्छी गाउँ, माझीगाउँ र डाँडागाउँ गरी चार वटा टोल रहे पनि यस प्रतियोगितामा भने हरेक वर्ष गैरी र कान्छी गाउँले मात्रै सहभागिता जनाउने गरेका छन् ।

दुई गाउँबाट छुट्टाछुट्टै रुपमा ध्वजापताकाले सिँगारिएका अग्ला बाँसका लिङ्गा बोकेर मुन्का डाँडामा पुगेका स्थानीयले एकैसाथ लिङ्गो ठड्याएर प्रतिस्पर्धा गरेका थिए ।

पुर्ख्यौली नाच, सोरठी भाका र पञ्चेबाजासहितको उत्सवका बीच आज बिहान भूमे देवताको पूजा गरेपछि दिउँसो भूमे देवतालाई खुसी बनाउन स्थानीयले लिङ्गो जुधाएका हुन् । प्रतियोगितामा अग्ला-अग्ला सिँगारिएका लिङ्गालाई प्रतिस्पर्धामा उतार्ने गरिन्छ ।